नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**नारायणी अस्पताल**
वीरगंज, पर्सा

# करार सेवमा कर्मचारी भर्ना लिने सम्बन्धि सूचना

(प्रथम पटक विज्ञापनको सूचना प्रकाशित मिति २०८१/०५/११)

"चिकित्सक वा स्वास्थ्यकर्मि करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७६" तथा "अस्पताल फार्मेशी निर्देशिका, २०७२" को अधिनमा रहि यस अस्पतालमा रिक्त रहेको तपशिल अनुसारको पदमा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र अस्पतालको प्रशासनमा देहाय अनुसारको योग्यता पुगेका उम्मेदवारले उल्लेखित अनुसारको दस्तुर तिरेको बैंक भौचर सहित लोक सेवा आयोगले निर्धारण गरेको दस्तखत फारम भरी पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| सि.नं. | विज्ञापन नं. | स्वीकृत पदको नाम | तह | सेवा/समुह/उपसमुह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | मेडिकल अधिकृत | अधिकृत आठौं | स्वास्थ्य/ज.हे.स. | ५ (पाँच) | १०००/- | |
| २. | ०२/०८१/०८२ | स्टाफ नर्स | सहायक पाँचौ | स्वास्थ्य/जनरल नर्सिङ्ग | २५ (पच्चिस) | ६००/- | |
| ३. | ०३/०८१/०८२ | फार्मेशी सहायक | सहायक पाँचौ | स्वास्थ्य/फार्मेशी | ४ (चार) | ६००/- | |
| ४. | ०४/०८१/०८२ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/क.हे.न. | २ (दुई) | ६००/- | |

**योग्यताः**

१. नेपाली नागरिक हुनुपर्ने छ ।
२. न्युनतम शैक्षिक योग्यताः - उपरोक्त अनुसारको पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्वन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली (संसोधन सहित), २०५५ को अनुसुची ६ तथा लोकसेवा आयोगले निर्धारण गरे बमोजिम सम्वन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागी तोकिए बमोजिम योग्यता पुरा गरेको हुनुपर्नेछ । विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाण पत्र आवश्यक पर्ने छ ।
३. उमेरको हदः लोक सेवा आयोगको नियमानुसार ।
४. अनिवार्य रुपमा सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको हुनुपर्नेछ तथा प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।
५. दस्तखत दिने बिधिः - योग्यता पुगेका उम्मेदवारहरुले यस अस्पतालको प्रशासन शाखामा आवश्यक कागजात सहित लोक सेवा आयोगले निर्धारण गरेको दरखास्त फारम भरेको फाईल पेश गर्नु पर्ने छ । दरखास्त फारम भर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सम्म दरखास्त फारम बुझाउन सकिने छ । दरखास्त दस्तुर कोष तथा लेखा नियन्त्रक कार्यालय (कार्यालय कोड नं. ३७०००२२०१), पर्साको नाममा राष्ट्रिय वाणिज्य बैंक लि.बिरगंजमा रहेको खाता नं. १०००१००२०००१०००० राजस्व शिर्षक नं. १४२२४ मा दाखिला गरेको भौचर पेश गर्नु पर्ने छ ।
६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः - एस.एल.सि. देखि न्युनतम शैक्षिक योग्यतासम्मको सबै प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथ पेश गर्नुपर्नेछ । उम्मेदवारले सबै कागजात आफैले प्रमाणित गरेको हुनुपर्नेछ
७. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
८. छनौट प्रकृयाः - बहुवैकल्पिक प्रश्न ।
९. करार अवधिः - प्रचलित ऐन, नियम अनुसार ।
१०. सम्पर्क मितिः - दरखास्त फारम भर्ने अन्तिम दिन सूचना प्रकाशन गरिने छ ।

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट